## विद्यालयहरुको लेखापरीक्षण सम्वन्धी सूचना

सूचना प्रकाशन भएको मितिः २०७५।०६।२०

यस उपमहानगरपालिका भित्र सञ्चालित विद्यालयहरुको आर्थिक वर्ष २०७४।०७५ को अन्तिम लेखापरीक्षण गर्नुपर्ने भएको हुँदा तपशिल अनुसारका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद महाशाखामा तोकिएको ढाँचाको आशयपत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

### १ सामुदायिक विद्यालयको हकमाः

(क) लेखापरीक्षकले आशयपत्रसाथ पेश गर्नु पर्ने कागजातहरुः

- चालु आर्थिक वर्षमा नविकरण भएको लेखापरिक्षण फर्म दर्ता प्रमाणपत्र ।
- लेखा परीक्षकको पेशागत प्रमाणपत्र ( COP ) ।
- आर्थिक वर्ष २०७४।०७५ को कर चुक्ता प्रमाणपत्र ।
- उपमहानगरपालिकामा रु १०० (एक सय) शुल्क वुझाएको नगदी रसिद ।
- विगतमा सामुदायिक विद्यालयमा लेखापरीक्षण गरेको अनुभवको संक्षिप्त विवरण ।
- Institute of Chartered Accounts, Nepal ( ICAN ) वाट कुनै पनि प्रकारको कार्वाही नपरेको स्वघोषणा
- कुनै विद्यालयमा स्वार्थ वाझिएको ( Conflict of interest ) भए त्यस्तो विद्यालयको नाम स्वघोषणा हुनुपर्ने

(ख) लेखापरीक्षक छनौटका मुख्य आधारहरुः

- विद्यालयहरुवाट प्राप्त सिफारिस ।
- विगतमा सामुदायिक विद्यालयको लेखापरिक्षण गरेको अनुभव।

(ग) आशयपत्र पेश गरेको लेखापरीक्षकको विवरण कार्यालयको Website www.dharan.gov.np मा राखिनेछ । सोही विवरण हेरी सम्वन्धित विद्यालयहरुले ३ जना लेखापरीक्षकको नाम सिफारिस गर्नुपर्नेछ । विद्यालहरुवाट तोकिए अनुसार नाम सिफारिस भई नआएमा ICAN मा सूचिकृत तथा आशयपत्र पेश गर्ने मध्येवाट लेखापरीक्षक नियुक्ति गरी पठाइनेछ ।

### २ संस्थागत तथा अन्य विद्यालयहरुको हकमाः

सञ्चालित सवै कम्पनी तथा गुठिमा आवद्ध संस्थागत विद्यालयहरुले नियमानुसार अन्तिम लेखापरीक्षण गराई सोको प्रतिवेदन २०७५ साल मंसिर मसान्त सम्ममा अनिवार्य रुपमा यस कार्यालयको शिक्षा महाशाखामा पेश गर्नुपर्ने छ । तोकिएको मिति सम्ममा लेखापरीक्षण गराई प्रतिवेदन पेश नगर्ने सामुदायिक विद्यालयलाई यसै सूचना अनुसार पेश भएका आशयपत्र मध्येवाट त्यस्ता विद्यालयहरुको लेखापरीक्षक खटाउन सकिनेछ ।

सुमन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय धरान

**सामुदायिक विद्यालयहरुको लेखापरीक्षको लागि आशयपत्रको आवेदन**

१. लेखापरीक्षण फर्मको नामः

२. ठेगानाः

३. सम्पर्क फोन नम्वरः

४. मोवाइल नम्वरः

५ लेखापरीक्षण फर्मको वर्गः

६.पेशागत प्रमाणपत्र नम्वरः

७. Institute of Chartered Accounts, Nepal को सदस्यता नम्वरः

८. इमेलः

९. साझेदारहरु भए त्यसको विवरणः

| क्र. स. | नाम | COP No | Membership No | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१०. सामुदायिक विद्यालयको लेखापरीक्षण गरेको अनुभवः

| क्र. स. | विद्यालयको नाम | ले. प. गरेको आ. व. | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

११. लेखापरीक्षण कार्यसँग स्वार्थ बाझिने( Conflict of interest ) भए विद्यालयको विवरण (स्वार्थ बाझिने विद्यालयहरु)

१.

२.

३.

१२. विद्यालयको लेखापरीक्षण कार्य गर्नका लागि प्रचलित कुनै कानुनले अयोग्य नमएको, ICAN बाट लेखापरीक्षण कार्य नगर्न कुनै कार्वाही नभएको र यसमा संलग्न विवरण समेत सत्य रहेको स्व घोषणा गर्दछु । झुठा ठहरे कानुन वमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षरः

फर्मको छाप

मितिः